"समृद्ध गाउँपालिका र सुखि जनता"

# माईजोगमाई गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
## नयाँबजार, इलाम ।
## कोशी प्रदेश, नेपाल


रेड पाण्डा

**न्यूनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन पेश गर्ने बारेको सूचना ।**

**(प्रकाशित मिति:२०८०/११/०१)**

**ने.सं:११४४ सिल्लाथ्व,४ मंगलवार**

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हकसम्बन्धी दोस्रो (संशोधन) नियामावली,२०७५ को नियम ७ को उपनियम(१) र प्रधानमन्त्री रोजगार कार्याक्रम संचालन निर्देशिका,२०७५ को दफा १८ बमोजिम आगामी आ.व. २०८१/८२ का लागि न्यूनतम रोजगारीमा संलग्न हुन चाहने आर्थिक र सामाजिक अवसरवाट वञ्चित (१८-५९)बर्ष समूह बेरोजगार व्यक्तिहरुले आफ्नो स्थायी बसोवास भएको वडा कार्यालयमा गई २०८० साल फागुन मसान्तसम्म निवेदन दिनुहुन यो सूचना प्रकाशन गरिएको छ। साथै निवेदनको ढाँचा सम्बन्धित वडा कार्यालय, माईजोगमाई गा.पा. रोजगार सेवा केन्द्र, तथा प्रधानमन्त्री रोजगार कार्यक्रम र माईजोगमाई गाउँपालिकाको वेवसाइट www.pmep.gov.com/ www.maijogmaimun.gov.np बाट निशुल्क प्राप्त गर्न सकिन्छ ।

**निवेदन साथ पेश गर्नु पर्ने कागजात तथा आवश्यक विवरणहरुः**

- निवेदकको १ प्रति पासपोर्ट साइजको फोटो र नागरिकताको फोटोकपी ।
- निवेदक सहित परिवारका सम्पूर्ण सदस्यहरुको विवरण (नाम, नाता, जन्म मिति, नागरिकता नं., जारी मिति तथा जारी जिल्ला) ।
- निवेदक सहित परिवारका सम्पूर्ण सदस्यहरुको शैक्षिक योग्यता, सिप, दक्षता तथा रोजगारीको अवस्था स्वदेश/ विदेश/ स्वरोजगार/ वेरोजगार ।
- अठार वर्ष पुरा भइ उनन्साठी वर्ष ननाघेको । ( उमेर समुहः १८-५९ वर्ष भित्रको)
- स्थायी बसोवास खुल्ने आवश्यक कागजातको फोटोकपी । ( Note: ना.प्र. पत्र अन्य जिल्ला बाट जारी भएमा बसाइसराई प्रमाणपत्रको प्रतिलिपि र विवाहित महिलाको हकमा विवाह दर्ता प्रमाण पत्रको प्रतिलिपि । )
- कुल वार्षिक पारिवारिकआय, परिवारका सवै सदस्यहरुले सामाजिक सुरक्षा कोष, अन्य सरकारी कोष वा रोजगारदाताबाट कुनै सहायता वाआम्दानी लिएको नलिएको विवरण ।
- निवेदनमा उल्लेखित सम्पुर्ण विवरण पूर्ण रुपमा भरेको र वडा कार्यालयबाट प्रमाणित भएको विवरण मात्र सूचिकृत गरिने छ ।

(थप जानकारीको लागि सम्बन्धित वडा कार्यालय तथा माईजोगमाई गाउँपालिका रोजगार सेवा केन्द्रमा सम्पर्क गर्न सकिने छ ।)

विवेकश्रेष्ठ
रोजगार संयोजक

कुमार वस्नेत
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः

- श्री सवै वडा कार्यालयहरुः यो सूचना सूचनापाटिमा टाँस गर्न हुन ।
- श्री सूचना प्रविधि शाखा, माईजोगमाई गा.पा. : यो सूचना वेवसाइटमा राखिदिन हुन ।

Phone No.- ०२७-४११०४४
Email- maijogmaigaupalika@gmail.com
Website: maijogmaimun.gov.np